मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

२६ औं वर्षमा

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

**सूचना**

संघीयताको महत्वपूर्ण सार :
मानव बेचबिखन अन्त्यका लागि
जिम्मेवार र सहकार्यसहित
गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : २१३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार १२ गते शनिवार (Saturday, June 26. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

## कतारका नेपालीद्वारा एक करोड २० लाखको सामग्री सहयोग



संयोजक चम्लागाई

**झापा, असार ११।** कोरोनाभाइरसले निम्त्याएको समस्या समाधानमा सहयोग पुऱ्याउन कतारस्थित नेपाली व्यवसायीहरुले एक करोड २० लाख रुपैयाँ बराबरको स्वास्थ्य सामग्री पठाएका छन् ।

नेपाल बिजनेस एशोसिएशन कतारले पठाएको भेन्टिलेटर, अक्सिजन कन्सन्ट्रेटर, पल्स अक्सिमिटर र नेजल क्यानुला शुक्रवारराति नेपाल आइपुगेको छ ।

नेपाली व्यवसायी संघ कतारका अध्यक्ष तथा सहयोग संकलन एवम् समन्वय समितिका संयोजक महेन्द्रप्रसाद चौलागाँईका अनुसार एक करोड २० लाख मूल्य पर्ने उक्त सामग्री शनिवार नेपाल सरकारलाई हस्तान्तरण हुनेछ । चम्लागाँईका अनुसार सरकारलाई हस्तान्तरण गर्न लागिएका सामग्रीहरुमा १४ वटा भेन्टिलेटर, ५० वटा अक्सिजन कन्सन्ट्रेटर, दुई हजार एक सय वटा पल्स अक्सिमिटर र ५० वटा नेजल क्यानुला रहेका छन् ।

उक्त सामग्री स्वास्थ्य मन्त्रालयमार्फत सातै प्रदेशका प्रादेशिक अस्पतालहरुलाई समान संख्यामा वितरण गरिने बताइएको छ । जस अन्तर्गत हरेक प्रदेशले दुई वटा भेन्टिलेटर, ६ वटा अक्सिजन कन्सन्ट्रेटर, ३०० वटा पल्स अक्सिमिटर, सात वटा नेजल क्यानुला पाउनेछन् । प्रदेश १ अन्तर्गत झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालले समेत उक्त सामग्री पाउने चम्लागाँईले जानकारी दिए ।

नेपालको मौजुदा स्वास्थ्य संरचनाले मात्र महामारी नियन्त्रण गर्न असम्भव देखिएको र प्रभावित नागरिकहरु अत्यावश्यक सामान्य स्वास्थ्य सुविधाबाट समेत बञ्चित हुनु परेको अवस्थामा आफ्नो मुलुकमा देखिएको दर्दनाकस्थिति नियन्त्रणका लागि सहयोग अभियान सञ्चालन गरिएको अध्यक्ष तथा संयोजक चम्लागाँईले बताए । उनले भने- 'अक्सिजनको अभाव भएर एकमुठी श्वास फेर्न पनि मुस्किल परेको र स्वास्थ्य सामग्रीको अभावमा उचित स्वास्थ्य उपचार पाउन नसकेर अकालमा ज्यान गइरहेको कारुणिक दृश्यले हामी विदेशमा शान्तिसँग बस्न सकिरहेका छैनौं । मातृभूमिमा विपद् परेको अवस्थामा कतारका व्यवसायीहरु एकजुट भएका छौं ।'

नेपाली दूतावासको सहकार्य र समन्वयमा कतारका लागि नेपाली राजदूत नारदनाथ भारद्वाजको संरक्षकत्वमा नेपाली व्यवसायी संघ कतारका पदाधिकारीसहितको सहयोग समिति बनाइएको थियो । उक्त समितिले रकम संकलन गरेको हो । नेपालका लागि कोरोना राहत समिति कतार २०२१ नाम दिएको उक्त समितिको उपसंयोजकमा मो. मुक्तदा मुसलमान (अध्यक्ष, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतार), प्राविधिक सदस्यमा डा. नितेष अर्याल रहेका छन् ।

त्यस्तै सदस्यहरुमा प्रकाश कोइराला, रमेश भट्ट, सुनिलकुमार घिमिरे, चूडामणि कार्की, धनबहादुर बलायर रहेका छन् । त्यस्तै आरके शर्माको संयोजकत्वमा रहेको सल्लाहकार समितिमा डा. देवकाजी डंगोल, टीबी कार्की, समिर मास्के, नरेन्द्र भाट्ट, राजु रेग्मी, प्रवीण गुरुङ, प्रो. रमजान अली मिया रहेका छन् । ६८ जना व्यवसायीले १ लाखदेखि ८ लाख रुपैयाँसम्म सहयोग गरेको बताइएको छ । व्यवसायीहरुले यसअघि पनि ओमानबाट ५६० वटा अक्सिजन पठाउँदा पनि सहयोग गरेका थिए ।

कतारमा क्रियाशील नेपाली संस्थामध्ये नेपाल बिजनेस एशोसिएशनले मात्रै कानुनी मान्यता पाएको छ । कतारमा नेपालीको लगानीमा रेस्टुरेन्ट, मेडिकल, निर्माण कन्ट्रक्सन, ग्यारेज, किराना पसल, श्रमिक आपूर्ति कम्पनीहरु सञ्चालित छन् । कतारमा करिब तीन लाख ५० हजार नेपाली कार्यरत छन् ।

चिकित्सकको सुझाव

## मृगौला रोगबाट बच्न चुरोट, खैनी र रक्सी छोड्नुहोस्

**झापा, असार ११।** अस्वस्थ जीवनशैलीले मृगौला रोग लाग्ने भएकाले स्वस्थ जीवनचर्या बिताउनुपर्नेमा जोड दिइएको छ ।


वाग्मती सफाइ महाअभियान र हामी साथ छौं अभियानले बिहीबार बेलुकी जुम प्रविधिबाट आयोजना गरेको प्रवचन कार्यक्रममा राष्ट्रिय मृगौला रोग केन्द्रका प्रमुख प्रा.डा. ऋषिकुमार काफ्लेले ९० प्रतिशत मानिस मृगौला बिग्रिएपछि मात्र अस्पताल पुग्ने गरेको बताए ।

केन्द्रमा हाल दैनिक २५० मृगौला रोगीको डाइलासिस हुने गरेको छ । यसैगरी ५० जनाको मिर्गौला परीक्षण हुन्छ । अमेरिकाको 'स्ट्याण्डर्ड' खानाले धेरै मानिस बिरामी हुने गरेको प्रसङ्ग उल्लेख गर्दै उनले खानामा साग सब्जीसहितको स्वस्थ चीजबीज उपभोग गर्नुपर्ने बताए ।

नेपालमा हाल तीन लाख मानिस मृगौला बिगारेर हिँड्ने गरको र तीन हजारको मिर्गौला फेल भएको केन्द्रले जनाएको छ । मिर्गौला रोगबाट बच्न शरीरमा पानीको व्यवस्थापन, उच्च रक्तचाप र मधुमेहलाई नियन्त्रण गर्नुपर्नेमा डा. काफ्लेले जोड दिए ।

मृगौला बिग्रिरहेका बेला कुनै लक्षण हुँदैन, अन्तिममा मात्र थाहा हुन्छ, मृगौलामा समस्या भएपछि मुटु स्ट्रोकका कारण मानिस मर्छन्, दैनिक दुईदेखि तीन लिटर पिसाब आउने गरी पानी पिउनुस्, दिनमा १० हजार पाइला हिँड्नुस्, रातमा सात, आठ घण्टा सुत्नुस्, चुरोट, खैनी, जाँड, रक्सीले मिर्गौला बिगार्ने भएकाले यस्ता चीजबाट टाढा रहनुस्, मोटोपना, रक्तचाप भए घटाउने, मधुमेह ठीक राख्ने गरेमा मिर्गौला रोगबाट बच्न सकिन्छ- उनले भने ।

स्वस्थ खाने, समयमा खाने, पेन किलर नखाने गर्नाले पनि मृगौला रोगबाट बच्न सकिन्छ । पिसाबबाट प्रोटिन गएको छ भने मृगौलामा समस्या छ भन्ने प्रमाणित हुने भएकाले सजग हुन आह्वान गरिएको छ । मृगौला बचाऔं अभियानलाई रु. एक दान गर्न डा. काफ्लेले आव्हान गरे । हाल काठमाडौं महानगरपालिकाका ३२ वटै वडामा मिर्गौला जाँच हुने गरेको छ । पन्ध्र हजारको जाँच गर्दा ७०० लाई मिर्गौला रोग भेटिएको केन्द्रको अभिलेख छ ।



**शरीरको टक्सिन निकाल्न गुर्जो उपयोगी**

कार्यक्रममा नि:शुल्क गुर्जोका बिरुवा र धुलो एवम् चिया वितरण गर्दै आएका अभियानकर्मी कमलबहादुर राजलवटले गुर्जोको नियमित सेवनले रोग प्रतिरोधी क्षमता बढाउने बताए ।

गुर्जोले शरीरका टक्सिनलाई बाहिर निकाल्छ । गुर्जोको चिया र धुलो सेवन गर्नाले पाइल्स, आँखा, छालाको समस्या समाधान हुने गरेको छ । गुर्जो वात, पित्त, कफ त्रिदोषनाशक छ । प्राचीन कालदेखि नै औषधिका रूपमा उपयोग गरिँदै आएको गुर्जोले पाचनतन्त्र बलियो बनाउँछ । गुर्जोले बच्चा र वृद्धलाई जवान बनाउने एवम् जवानलाई पहलमान बनाउने अभियानकर्मी राजलवट बताउँछन् ।

पाँच वर्षमुनिका बालबालिका र गर्भवतीले भने गुर्जोका परिकार सेवन गर्नुहुँदैन । गुर्जोको बिरुवा रोपेको एक वर्षपछि परिपक्व बन्छ । एक वर्षमा गुर्जोको बिरुवामा सबै गुण आउँछ । वि.सं. २०७६ चैतमा कोरोनाबाट बच्न बन्दाबन्दी गरिएदेखि यसबाट बनेको औषधि र बिरुवा नि:शुल्क वितरण गर्दै आएका अभियानकर्मी राजलवटले त्यो अभियानलाई यस वर्ष पनि निरन्तरता दिएका छन् । गत वर्ष एक लाख ४० हजार गुर्जोका बिरुवा रोपणका लागि नि:शुल्क वितरण गरिएको उनले बताए ।

कार्यक्रममा पूर्व मुख्यसचिव एवम् प्रमुख अभियानकर्मी लीलामणि पौडेलले सफाइ महाअभियान आठौं वर्ष पूरा गरी नवौं वर्ष प्रवेश गरेको अवसरमा सात हप्ताअघिदेखि हामी साथ छौं अभियानसँग मिलेर कोरोनाबाट बच्न आवश्यक जानकारी दिन प्रवचन कार्यक्रम आयोजना गरिएको बताए ।

वि.सं. २०७० जेठ ५ गतेदेखि शुरु भएको सफाइ महाअभियानले ५० औं हप्ताका अवसरमा २०७१ वैशाख १ गते गुह्येश्वरीभन्दामाथिको वाग्मतीमा ढल मुक्त गरेर गुह्येश्वरीमा स्नान गरेकामा हाल पुन: प्रदूषित बनेको छ । नेपालमा अङ्ग दान गर्ने परम्परा विकास हुन नसकेको उल्लेख गर्दै पूर्व मुख्यसचिव पौडेलले आफूले देशमै पहिलोपटक छाला दान गरेको बताए । आगोबाट जलेकाका लागि छाला आवश्यक पर्ने गर्छ । आफू मुख्यसचिव भएकै बेला 'ब्रेन डेथ क्राइटेरिया'को कानूनी व्यवस्था गरेको उनले सुनाए । ब्रेन डेथ भएकाको छाला, मिर्गौला र कलेजो दान गर्न सकिने व्यवस्था छ ।

विकसित मुलुकमा ७५ प्रतिशत अङ्ग दानबाट पाइने गरेको छ । नेपालमा पनि अङ्गदान सबैभन्दा ठूलो दान हो भन्ने मान्यतालाई स्थापित गर्न अभियान चलाइनुपर्नेमा जोड दिइएको छ ।

अभियानकर्मी डा. माला खरेलले महाअभियान र हामी साथमा छौं अभियानको आयोजनामा साप्ताहिकरूपमा भइरहेको प्रवचनले धेरैलाई स्वस्थ जीवनयापनको सूत्र

(बाँकी अन्तिम पृष्ठमा)

## अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण

**पाँचथर, असार ११।** कोभिड-१९का बिरामीलाई उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले गैरआवासीय नेपाली संघले झापा, इलाम, पाँचथर र ताप्लेजुङलाई गरी २५ थान अक्सिजन कन्सन्ट्रेटर प्रदान गरेको छ ।

संघले चारवटै जिल्लाका कोभिड-१९ सङ्कट नियन्त्रण तथा व्यवस्थापन जिल्ला समितिलाई मेची अभियानमार्फत सो अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेको हो । अभियानका संयोजक विजय डालमियाले चारवटै जिल्लाका प्रमुख जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

## डा. गौतमबिरूद्ध प्रधानमन्त्री कार्यालयदेखि अख्तियारसम्म उजुरी

**काठमाडौं, असार ११।** कोभिड यूनिफाइड केन्द्रीय अस्पताल (वीर)का प्रमुख कार्यकारी अधिकारी डा. जागेश्वर गौतमविरुद्ध प्रधानमन्त्री कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि राष्ट्रिय सतर्कता केन्द्रसम्म उजुरी परेको छ ।

वीर अस्पताल कर्मचारी परिवारको नाममा डा. गौतमविरुद्ध कोभिड उपचारका लागि भन्दै यूनिफाइड अस्पतालले खरिद गर्न लागेको स्वास्थ्य उपकरणमा सेटिङ गरी ठेक्का गरेको भन्दै उजुरी परेको हो । साथै गौतमको विभिन्न कम्पनीमा लाखभन्दा बढी कित्ता शेयर रहेको र अकुत सम्पत्ति आर्जन गरेको भन्दै उजुरी परेको छ ।

उजुरीकर्ताहरुले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका कुलपति तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित २ वटा निकायमा उजुरी गरेका छन् । उनीहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा असार १० गते उजुरी दर्ता गराएका हुन् ।

उजुरीमा भनिएको छ- 'मेडिकल माफिया र स्वास्थ्य सचिवको योजनामा कोभिडको नाममा हुने उपकरण लगायतका सामान खरिदमा कमिसनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रतिष्ठान ऐन र नियम विपरीत वीर अस्पताललाई छुट्याएर सोको प्रमुखमा

(बाँकी अन्तिम पृष्ठमा)

## पत्रकारको पेशागत सुरक्षामा ध्यान दिन मिडिया संस्थालाई सुझाव




**झापा, असार ११।** पत्रकारको क्षमता विकासका लागि प्रदेश सरकारले विभिन्न योजना बनाएर अघि बढ्ने प्रदेश १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले बताएका छन् ।

मिडिया एक्सन नेपाल प्रदेश-१द्वारा आयोजित कोभिड महामारी र पत्रकारको पेशागत सुरक्षाका लागि मिडिया संस्थाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री कार्कीले पत्रकारको पेशागत सुरक्षाका लागि प्रदेश सरकारले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए ।

उनले मिडियाको विकासका लागि प्रदेश सरकारले सबैसंग सहकार्य गर्ने भन्दै मिडिया एक्सन नेपालसंग हातेमालो गर्न तयार रहेको बताए । उनले कोरोना कहरको समयमा पत्रकारमा परेको आर्थिक समस्यालाई मध्यनजर गर्दै फेलोसिपको व्यवस्था गरेर सहयोग गरेको बताए । प्रदेश-१मा प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गरेर पत्रकारको क्षमता र दक्षता विकासका लागि पहल थालेको मन्त्री कार्कीको भनाइ छ । उनले पत्रकारको पेशागत सुरक्षा तथा प्रदेश सरकारले निर्माण गर्ने मिडिया विधेयकका सवालमा मिडिया एक्सन नेपालसंग परामर्श गर्ने बताए ।

मिडिया एक्सन नेपालका केन्द्रीय अध्यक्ष लक्ष्मणदत्त पन्तले पत्रकारको विषयमा मिडिया संस्था संवेदनशील हुनुपर्ने बताए । उनले मिडिया संस्थाले सरकारसँगको परनिर्भरता हटाएर आत्मनिर्भर हुँदै पत्रकारको पेशागत सुरक्षा तथा दक्षता विकासमा ध्यान दिए मात्रै सञ्चार क्षेत्र सुदृढ हुने विश्वास व्यक्त गरे । पत्रकारको पेशागत सुरक्षाका लागि मिडिया संस्थाको भूमिका प्रभावकारी हुनुपर्नेमा अध्यक्ष पन्तले जोड दिए । उनले मिडिया स्वतन्त्र र निष्पक्ष नभए त्यसको असर सबै क्षेत्रमा पर्ने भएकाले पत्रकारलाई दक्ष र जिम्मेवार बनाउनका साथै पत्रकारिताको विकासको क्षेत्रमा मिडिया एक्सन नेपालले लामो समयदेखि काम गर्दै आएको बताए ।

नेपाल पत्रकार महासंघ प्रदेश १का अध्यक्ष लीलाबल्लभ घिमिरेले पत्रकारको दक्षता र क्षमता विकासमा ध्यान दिनुपर्ने बेला आएको बताए । उनले मिडिया एक्सन नेपालसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । पत्रकारको पेशागत

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**


शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।

भर्ना: २०७८ असार ६ गते आइतवारदेखि । समय : विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

# पत्रकार महासंघद्वारा कोरोना प्रभावित पत्रकारलाई मनोपरामर्श




**बिर्तामोड, असार ११।** नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा 'कोरोना भारइसबाट प्रभावितहरुका लागि विशेषज्ञको मनोपरामर्श' कार्यक्रम भर्चुअलरुपमा शुक्रबार सम्पन्न भएको छ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षता, महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सहजीकरण मनोविद् गोपाल ढकालले गरेका थिए ।

प्रमुख अतिथि महासंघका संस्थापक महासचिव भण्डारीले कोरोनाले सञ्चार क्षेत्र र सञ्चारकर्मीमा ठूलो प्रभाव परेको बताउँदै यो बेला मानसिक स्वास्थ्यमा ध्यान दिनुपर्ने र मनोबल बढाउनुपर्नेमा जोड दिए। कोरोना महामारीले उत्पन्न गरेको त्रासका बीच महासंघले सान्दर्भिक कार्यक्रम गरेको भन्दै भण्डारीले त्रास हटाएर सामान्य जीवनतर्फ फर्कन अहिलेको आवश्यकता भएको र अबको पत्रकारिता त्यसतर्फ केन्द्रित हुनुपर्ने बताए। उनले पत्रकारको मनोबल बढाउनुपर्नेमा जोड दिँदै भने- 'पत्रकारको मनोबल बढ्नु भनेको समाज एक कदम अगाडि बढ्नु हो ।'

कार्यक्रमका सहजकर्ता मानसिक एवम् मनोसामाजिक स्वास्थ्य राष्ट्रिय अभियान नेपालका संयोजक मनोविद् ढकालले अहिलेको समयमा मनोबल बढाउन तथा मानसिक स्वास्थ्यमा ध्यान दिनुपर्नेमा जोड दिए। ढकालले संक्रमण तथा संक्रमणपछिको अवस्थामा पनि मेडिटेशन, शारीरिक व्यायाम, निद्रा, सन्तुलित खानपान, सहयोगी भावना, पर्याप्त मनोरञ्जन र सुमधुर सम्बन्धमा ख्याल गर्नुपर्ने बताए ।

तनावमा हुँदा मनोबल घट्ने हुँदा तनाव व्यवस्थापन गर्दै हौसला, प्रेरणा र आत्मविश्वास बढ्ने गतिविधि बढाउनुपर्ने ढकालको सुझाव छ। उनले सकारात्मक ऊर्जा दिने पुस्तक पढ्न, भिडियो हेर्न सुझाएका छन्। तर, नकारात्मक प्रभाव पर्ने समाचार र सामाजिक सञ्जालबाट टाढा बस्न ढकालको सुझाव छ। आफूलाई जे गर्दा खुशी मिल्छ त्यस्ता कार्य गरेर मनोबल उच्च राख्दै मानसिकरुपमा स्वस्थ हुनुपर्नेमा मनोविद् ढकालले जोड दिएका छन्। अहिले कोरोनाबाट निको भएकामध्ये ३७ प्रतिशतलाई मानसिक समस्या देखिएको भन्दै उनले सबैका लागि मनोसामाजिक परामर्श आवश्यक रहेको बताए ।

महासंघका उपाध्यक्ष केशव भट्टराईले स्वागत तथा सचिव डिकेश लामाले सञ्चालन गरेको कार्यक्रम आगन एफएम तथा महासंघको सामाजिक सञ्जालमार्फत पनि प्रत्यक्ष प्रशारण गरिएको थियो ।

कार्यक्रममा कोरोना भाइरस संक्रमणको अवस्थामा रहेका, संक्रमण मुक्त भएका तथा सक्रिय पत्रकारिता गरिरहेका सञ्चारकर्मीहरुले मनोविद् ढकाल समक्ष विभिन्न जिज्ञासा राखेका थिए ।

पत्रकारहरु गणेशमान मुखिया, वीरबहादुर दर्नाल, विनोद पाण्डे, गोपाल काफ्ले, विष्णुकुल श्रेष्ठ, सुरज प्रधान लगायतले जिज्ञासा राखेका थिए। महासंघ झापा शाखाले पत्रकारहरुका लागि आवश्यक परेको खण्डमा मनोविद्सँग मनोपरामर्श कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

## राष्ट्रपतिभन्दा राजा नै ठीक भनेपछि प्रचण्डलाई लिङ्देनको जवाफ


राजेन्द्र लिङ्देन


पुष्पकमल दाहाल

**झापा, असार ११।** राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा संघीय सांसद राजेन्द्र लिङ्देनले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई विगतको भूल स्वीकार गरेर आफूले गरेका क्षतिप्रति आत्मबोध हुन थालेको बताएका छन् ।

सामाजिक सञ्जालमा लेख्दै उनले देशले ठूलो क्षति भोगेपछि र परिवर्तनका नाममा ठूल्ठूलो भूल गरेपछि प्रचण्डमा राजा नै ठीक रहेछन् भन्ने आत्मबोध देखिएको उल्लेख गरेका छन्। विपक्षी गठबन्धनको बिहीबारको पत्रकार सम्मेलनमा प्रचण्डले अहिलेको राष्ट्रपतिभन्दा राजा नै ठीक भएको बताएका थिए ।

सोही भनाइप्रति प्रतिक्रिया जनाउँदै लिङ्देन भन्छन्- 'प्रचण्डजीले अहिले त न शान रहयो नत मान नै बरू राजाको बेलाको शान र मानने अलग्गै थियो भन्नु भएछ। देशले धेरै क्षति व्यहोरिसकेपछि तपाईंहरूमा घोषित अघोषित रूपमा परिवर्तनका नाममा विगतमा ठूलाठूला भूल गरिएछ भन्ने आत्मबोधको सिलसिला शुरु भएको देखिन्छ।'

प्रचण्डमाथि जनयुद्धका नाममा १७ हजारभन्दा बढी निर्दोष नेपाली जनताको हत्या गरेको, अरु दशौं हजारलाई अंगभंग, टुहुरो र बिधवा बनाएको, खर्बौं रुपैयाँको राज्यको सम्पत्ति नष्ट गरेको आरोप लाग्दै आएको छ ।

### अक्सिजन ...

अधिकारीलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिसकेको बताए ।

प्रतिथान रु. दुई लाख ३० हजारका दरले खरीद गरिएका अक्सिजन कन्सन्ट्रेटरमध्ये झापालाई १२, इलाम, पाँचथर र ताप्लेजुङलाई दुई-दुई थान हस्तान्तरण गरिएको उनको भनाइ छ। झापालगायत पूर्वी पहाडी जिल्लाका कोडिभ-१९का बिरामीलाई उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माको पहलमा संघले अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

प्रजिअ तथा कोभिड-१९ सङ्कट नियन्त्रण तथा व्यवस्थापन समितिका अध्यक्ष श्रवणकुमार तिमिल्सिनाले संघबाट प्राप्त अक्सिजन कन्सन्ट्रेटर जिल्लाका १२ पालिकालाई तत्काल उपलब्ध गराएको बताए। उनका अनुसार अक्सिजन कन्सन्ट्रेटर प्राप्त गर्ने पालिकामा बिर्तामोड, अर्जुनधारा, कनकाई, दमक, गौरादह, शिवसातक्षी नगरपालिका, हल्दिबारी, कचनकवल, झापा, बाह्रदशी, गौरीगञ्ज, कमल गाउँपालिका छन् ।

### पत्रकारको ...

सुरक्षाका लागि मिडिया संस्थाको भूमिका महत्वपूर्ण हुने उनले उल्लेख गरे। सरकारसंगको परनिर्भरता हटाए मात्रै पत्रकारिता स्वतन्त्र हुने उनको विचार थियो ।

शिक्षा पत्रकार समूहकी प्रदेश संयोजक एवम् सञ्चारिक समूह प्रदेश-१की महासचिव राधा खनालले महिला पत्रकारको क्षमता विकासमा ध्यान दिन प्रदेश सरकार र पत्रकार महासंघको ध्यानाकर्षण गराइन्। उनले प्रदेश-१ का महिला पत्रकारको अवस्थाको विषयमा चर्चा गर्दै महिला पत्रकारलाई सबल र सक्षम बनाउनुपर्नेमा जोड दिइन्। उनले अझै पनि महिला पत्रकार निर्णायक तहमा पुगि नसकेको भन्दै पछिल्लो समय महिला पत्रकारहरु पनि विभिन्न अनलाइन सञ्चारमाध्यम सञ्चालन गरेर आफैं उद्यमी बन्न थालेकाले प्रदेश सरकारद्वारा प्रोत्साहन गरिनुपर्नेमा जोड दिइन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले कोभिड महामारीमा पत्रकारको पेशागत सुरक्षाका लागि मिडिया संस्थाको भूमिका महत्वपूर्ण हुने बताए। उनले झापामा सञ्चारमाध्यमहरुले नै पत्रकारको कोरोना बिमा गरिदिएको भन्दै पत्रकारको पेशागत सुरक्षाका लागि महासंघले पहल थालेको विचार ब्यक्त गरे। उनले पत्रकारलाई जिम्मेवार र दक्ष बनाउदै अघि बढाउन मिडिया एक्सन नेपाल जस्ता सञ्चार सम्बद्ध संस्थाहरुसंग सहकार्य गर्न तयार रहेको बताए। उनले प्रदेश सरकारले मिडियासंग सम्बन्धित कानून निर्माण गर्दा सञ्चारमैत्री हुनुपर्नेमा जोड दिए ।

प्रादेशिक सञ्चार प्रतिष्ठानका सदस्य गोपाल काफ्लेले पत्रकारलाई जिम्मेवार र दक्ष बनाउनका लागि प्रतिष्ठानले योजनाबद्ध ढङ्गबाट काम गर्ने बताए। उनले प्रदेश १का पत्रकारको क्षमता विकासका लागि पहल गर्ने उल्लेख गरे। उनले मिडिया एक्सन नेपालसँग परामर्श गरेर अघि बढ्ने प्रतिबद्धता समेत जनाए ।

पछिल्लो समय सरकारसंगको परनिर्भरता बढ्दै गएकाले पत्रकारिता क्षेत्र स्वतन्त्र हुनेमा शंका उत्पन्न भएको मिडिया एक्सन नेपालका कार्यसमिति सदस्य आशिष मिश्रले बताए ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै उनले मिडियाको विकासका लागि मिडिया संस्था जिम्मेवार बन्नुपर्नेमा जोड दिए। कार्यक्रको सञ्चालन प्रदेश-१ संयोजक नरेन्द्र ढकालले गरेका थिए। हालसम्म ६ वटा प्रदेशमा वेबिनारबाट कार्यक्रम सम्पन्न भइसकेको छ ।

# शिक्षकलाई विभेदः खाजा खर्च र पर्यटन काज पाएनन्



**विराटनगर, असार ११।** संघ र प्रदेश सरकारले शिक्षालाई उपेक्षा गरेको आरोप लागेको छ।

प्रदेश नं. १ सभाको विशेष समयमा बोल्दै नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता ईन्द्रबहादुर आङ्बोले स्थानीय तहबाट बाल विकासको तलब भुक्तानी गर्नुपर्ने व्यवस्थाले स्थानीय तहलाई अप्ठेरो पारेको बताए।

संघीय सरकारको आगामी आर्थिक वर्षको बजेटमा बाल विकास केन्द्र शिक्षकलाई न्यूनतम १५ हजार दिने घोषणा गरिएको छ। जसमा ८ हजार संघीय सरकार र ७ हजार स्थानीय तहबाट दिने भनिएको छ। नेता आङ्बोले यो स्थानीय तहबाट उपलब्ध गराउने भनिएको ७ हजारले स्थानीय तहलाई आर्थिक समस्या सिर्जना गरेको बताए। 'सानो स्थानीय तहलाई पनि १ करोड ५ लाख व्ययभार पर्ने अवस्था आउने देखिएको छ'- नेता आङ्बोले भने- 'बाल विकास केन्द्रका शिक्षकलाई १५ हजार दिने निर्णय स्वागतयोग्य छ, तर सबै रकम सरकारले व्यहोर्नुपर्छ।'

**शिक्षकलाई विभेद**

प्रदेश सरकारले प्रदेश नं. १मा कार्यरत प्रदेश सरकारका कर्मचारीलाई १० दिने पर्यटन काज दिने बजेटमा उल्लेख गरिएको छ। विगत २ वर्षदेखि सरकारले नीति तथा कार्यक्रममा ल्याउँदै आएको १० दिने पर्यटन काज निजामतीलाई मात्र उपलब्ध गराउने काम भयो तर शिक्षकलाई बेवास्ता गरिएको नेता आङ्बोले बताए। सरकारकै लागि बिहानदेखि काम गर्ने शिक्षकहरुलाई विभेद गरिएको छ'- नेता आङ्बोले भनेका छन्- 'निजामती कर्मचारी अनुकूल ती कर्मचारीले आफूलाई मात्र पर्यटन काजको व्यवस्था गरिएको तर तीनै शिक्षकलाई नगरिएको हो।'

निजामती कर्मचारी र शिक्षकमा खाजा खर्चमा पनि विभेद भएको छ। निजामती कर्मचारीको लागि १ सय रुपैयाँको व्यवस्था गरियो भनिएको छ, तर शिक्षकलाई वास्ता गरिएको छैन। बिहान ९ बजेदेदि साँझ ५ बजेसम्म खटिने शिक्षकलाई किन वास्ता गरिएन'- नेता आङ्बोले प्रश्न गरेका छन्।

समग्र केन्द्र र प्रदेशको बजेटले शिक्षा क्षेत्रलाई अवमूल्यन गराइएको तथा शिक्षा र शिक्षकहरुलाई उपेक्षा गरिएको आङ्बोको भनाइ छ। संघीय निजामती ऐन अहिलेसम्म कानून नबनेको अवस्थामा प्रदेशिक निजामती ऐन नबनाई ओएनएम सर्वेक्षण गर्न लागिएकोमा उनले आपत्ति जनाएका छन्। तत्काल ओएनएम सर्वेक्षणको काम रोक्नुपर्ने बताए। संघीय निजामती ऐन नबनी ओएनएम सर्वे प्रदेशले गर्छ भने प्रदेशमा त्यसको प्रतिवाद हुने नेता आङ्बोले चेतावनीसमेत दिएका छन्। केही चालू खर्च घटाउने नाममा प्राविधिक कार्यालय घटाउने काम गर्न नहुने उनको भनाइ छ।

### डा. गौतमबिरुद्ध ...

स्वास्थ्य सेवामा विवादित र अकुत कालो धन आर्जन गरेका गौतमलाई नियुक्ति गरी आफू निकट व्यापारीलाई मात्रै हुने गरी हालै झन्डै एक अर्ब रुपैयाँ बराबरको टेन्डर निकालेका छन्।'

उजुरीकर्ताले विगतमा चितवन मेडिकल कलेज टिचिङ्ग हस्पिटल तथा रिसर्च सेन्टर प्रालिको शेयर बिक्रीमा भएको विवादित विषयदेखि विभिन्न कम्पनीमा गौतमको नाम रहेको शेयरको विवरण सहित उजुरी दर्ता गराएका छन्। उजुरीकर्ताले दर्ता गराएको उजुरी पत्रमा गौतमको नाममा ग्यालेक्सी इन्भेष्टमेन्ट, एमोजन इन्भेष्टमेन्ट, क्यानभास एजुकेशन फाउण्डेशन र मौलाकाली अस्पतालमा समेत २३ हजार ४ सय कित्ता शेयर रहेको भन्दै उजुरी गरेका छन्।

साथै उपकरण खरिदमा लागि भएको टेन्डरमा पनि आफूसँग विभिन्न कम्पनीमा साझेदार रहेको सुन्दर भुसालको म्याग्सिम इन्कर्पोसन ट्रेडस प्राइभेट प्रालिलाई ठेक्का दिने गरी स्पेसिफिकेसन बनाएको उजुरीमा उल्लेख छ। गौतमले क्यानभास एजुकेशन फाउण्डेशन प्राइभेट लिमिटेडमा रहेको ३० हजार कित्ता शेयर पनि उनै भुसाललाई बिक्री गर्ने गरी सम्झौता गरेको थिए। तर, कम्पनी रजिष्ट्रार कार्यालयको अभिलेखमा अहिलेसम्म पनि उक्त शेयर गौतमकै नाममा रहेको उजुरीकर्ताको दाबी छ।

उजुरीकर्ताले दर्ता गराएको उजुरीमा विभिन्न समयमा भएको टेण्डर सूचनामा पनि अन्य कम्पनीले तयारी नै गर्न नसक्ने गरी ५ दिनको समय मात्रै दिएको उल्लेख छ।

### मृगौला ...

दिने भएकाले यसलाई निरन्तरता दिने बताइन्। अभियानकर्मी राजकुमार भट्टराईले वाग्मतीबाट हालसम्म २० हजार टन फोहर व्यवस्थापन गरिएको बताए। सफाइ महाअभियानमा १२ लाख स्वयंसेवीले सफाइमा साथ दिएका छन्।

महाअभियानबाट प्रभावित भएर उपत्यकामा वाग्मती, सहायक नदी, चक्रपथ, सम्पदा स्थलसहित २० स्थान र उपत्यका बाहिरका मुख्य नदी, शहर र सांस्कृतिक सम्पदामा सफाइ भइरहेको छ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## श्री जनता माध्यमिक विद्यालय
**अर्जुनधारा-३, खुदुनावारी, झापा**

## शिक्षक आवश्यकता

**शिक्षा विकास तथा समन्वय इकाइ, झापाको च.नं. १२३८ मिति २०७८।०३।०७को अनुमति पत्र तथा यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०७८।०३।१०को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले शिक्षा सेवा आयोगको करार सूचीमा सूचीकृत भएका तथा खुल्लातर्फ इच्छुक योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।**

**तपशिल**

१) विज्ञापन नं. ०१ (२०७७।०७८) पदः प्रा.तृ. शिक्षक (महिला कोटा) संख्याः १
२) विज्ञापन नं. ०२(०७७।०७८) पदः प्रा.तृ. शिक्षक (खुल्ला) संख्याः १
३) तह : प्राथमिक तह तृतीय श्रेणी
४) सेवाको किसिमः करार
५) न्यूनतम् शैक्षिक योग्यताः प्रमाणपत्र तह वा सो सरह र तालिम प्राप्त (उच्च योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
६) उमेरः १७ बर्ष पूरा गरी ४० बर्ष ननाघेको
७) तलब स्केलः नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
८) स्थायी अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ ।
९) परीक्षाको किसिमः लिखित र मौखिक
१०) परीक्षा दस्तुर रु. १०००।- (एक हजार रुपैयाँ मात्र)
**११) दरखास्त दिने अन्तिम मितिः**
क) करार सूचीमा नाम भएका उम्मेदवारहरुका लागि २०७८।०३।१० देखि २०७८।०३।२४ गते विद्यालय समयभित्र ।
ख) उक्त मितिभित्र करार सूचीमा नाम भएका उम्मेदवारको आवेदन नपरेमा खुल्ला प्रतिस्पर्धाको लागि २०७८।०३।२५ गतेदेखि २०७८।०३।३१ गते विद्यालय समयभित्र ।
१२) सम्पर्क मितिः २०७८।०४।०१ गते
१३) परीक्षा मिति र परीक्षा केन्द्रः सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१४) पाठ्यक्रमः शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
१५) रीत नपुगेका निवेदन उपर कुनै कारवाही हुनेछैन । आवेदन स्वतः रद्द हुनेछ ।
**१६) निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**
क) शैक्षिक प्रमाणपत्ररुको प्रमाणित प्रतिलिपिः २/२ प्रति
ख) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपिः २ प्रति
ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिः २ प्रति

उपयुक्त बमोजिमको योग्यता भएका इच्छुक उम्मेदवारहरुले हस्तलिखित निवेदनका साथमा उल्लेखित कागजातहरु फायलमा संलग्न राखी पेश गर्नुपर्नेछ ।

नोटः आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विद्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

**सम्पर्कः ९८४२६९५०४१**

**प्रधानाध्यापक**




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता/मुक्तक

शार्दुलविकृडित छन्द

### कुरा काट्छु म

साथी भाइ मिलेर भेट भएको बेला कुरा गर्नुछ ।
हेलो हाइ सकिए ओठ चुपमा टालेर के बस्नु र ?
गर्दा बात तिमी र धार भएको तिम्रो कुरा आउँछ
ठूला मानिसको कुरा शहर घुम्ने भाग्य लेराउँछ ।
सस्तो निर्बल गाइको जगतमा के मोलमोलाई छ ।
कुरा काट्न रूकाउने कवच कुन् कस्तो र के आउँछ ?

के तिम्रोअघि तिमीलाई नमिठो सुझाब पर्दछ मन् ?
राम्रो सुन्दर सुन्न मानिस सबैको चाहने हुन्छ मन् ।
बाच्दैनौ तिमीमात्र यो जगतमा हो छैन छुट्टै तिमी
बह्माण्डै घुम के निजी रहर केन्द्र पार्न सक्छौ तिमी ?
भन्छस् पिठ पछाडि तँ यसरि मेरो बातलाई नकाट् ।
के सम्पूर्णत गुणले भरिएको हो देवता तँ बिराट् ।

आफैलाई महान सम्झि छ म मा सम्पूर्ण राम्रो कुरा
भज्दै राम र श्यामको बगलिमा लेराएकोछस् छुरा ।

तिमीलाई सुझाव मन पर्दैन
तिमीलाई आफ्नो नराम्रो बानी औंलाएको मन पर्दैन
तिमी सम्पूर्ण गुणले भरेको पनि छैनौ ।
तिमिलाई पछाडि आफ्नो कुरा गरेको मन पर्दैन ।
तिमी संसारमा एक्लै पनि बस्दैनौ
तिमी केही न केही अवस्यै छौ ।
तिम्रोबारे अरूले पछाडि राम्रो कुरा गरेको चै चाहन्छौ
तब किन उनीहरू तिम्रो नराम्रो कुरा नगरून् ?
तब किन तिम्रो कुरा नकाटुन् ।

**– डा. बिनोद ढकाल**

### मुक्तकहरू

तिम्रो त्यो सुन्दर मुहार टलक्क टल्काइदेऊ
मनमा माया कति छ झलक्क झल्काइदेऊ
भित्रभित्रै त्यो मनलाई यसरी झुलाउनुभन्दा
भो अब त्यो मन म तिर ढलक्क ढल्काइदेऊ

**– झापाली समृद्धि**

आज उनको उपस्थिति नभएर !
मेरो मुटुमा हलचल थोरै हुदैछ !
मायाका दुई शब्द लिएर आउनु !
तिमी नआउँदा त अकाश रूदैछ !

**– दीपक प्याकुरेल**

कथा

# थाकेको कलम...



**रामबाबु सुवेदी**



किन हो म आजभोलि निराश छु । मेरो शरीरमा मसी भरिएको भए पनि म उत्साहित छैन । मेरो टुप्पोको निबले लेख्न केही मानिरहेको छैन । म जति रसिलो भए पनि मेरा शरीरमा भएको सम्पूर्ण रस सुके सरह भएकि छु । म निरस भएकि छु ।

अलिक अघिसम्म पनि उसले मलाई समाउँदा म आनन्दित हुन्थे । अब उसको मनको भावना म ब्यक्त गर्न पाउछु भनि कौतुहल हुन्थे । म उसको कोमल हातमा टक्क अडिन तयार हुन्थे जसरी कृष्णको बासुरीमा नाच्न अनेकौ गोपिनी तयार हुन्छन् त्यसरी नै म उसको दुई औंलाको बीचमा नाचिन तयार हुन्थे । उसको स्पर्शले मात्र मलाई शोभनीय बनाउँथ्यो । अनि त म उसको चाल थाहा नपाए जसरी त्यही मग्न हुन्थे उसको औंलाको जादुमा म झुमिएर नाच्न तयार हुन्थे ।

मलाई मन पराई उसले जब आफ्ना जादुको औंला चलाउथ्यो म भने उसको मस्तिष्कमा गहिरो सोच र विचार थाहा पाउन जोडिन पुग्थे । म उसको समुन्द्र जस्तो गहिरो बौद्धिक धरातालमा पौडिन पुग्थे । उसका शब्द-शब्दमा रम्न र मग्न हुन पुग्थे । मलाई जब उसले कभर हटाएर औंलामा नचाउथ्यो तब म आजको कन्टेन्ट र उसको स्वादिलो प्रस्तुतिलाई नियाल्न लालायित हुन्थे । उसको प्रस्तुति कस्तो हुन्छ भनि म कौतुहल बन्न पुग्थे ।

तर, जब उसले आफ्नो लेखलाई बिट मारी मलाई कभर लगाईदिन्छ तब म निसासिएको जस्तो महसुस गर्छु । म आफै अन्धकारमा बस्न बाध्य हुन्छु । सधैं आफ्नो मुटुको छेउको पकेटमा मलाई सजाएर राख्ने उसले अहिले भने मलाई बिट मारेर टेबलको एक पेन स्टेण्डमा थन्काएको छ । मलाई उसले नचलाएको धेरै दिन भयो त्यसैले म अहिले मूर्ति सरह एक स्थानमा अडिग रहन बाध्य भएकी छु ।

म उसको प्रतिक्षामा अधैर्यताका साथ बसेकी छु । एकछिनलाई लाग्छ ऊ मेरो नजिक आएर मलाई प्रेमले उठाएर स्पर्श गर्नेछ । मेरो शरीरमा लागेको धुलोको मैलालाई एउटा रुमालले सफा गरी आफ्नो मुटुको छेउमा राख्नेछ अनि आफ्नो मस्तिष्कभित्रको असंख्य विचारलाई म माध्यम बनाई कोर्नेछ, लेख्नेछ र पोख्नेछ । मलाई एकछिनलाई लाग्छ कि उ आएर मेरो पर्खाइलाई समाप्त पार्नेछ र जादुमय औंलामा नचाउने छ ।

म यहाँ एक कुनामा अडिग स्थिर बनि बसिरहादा उः मेरो छेउमा राखेको रेडियो बजाएर सधैा समाचार सुन्ने गर्छ । उसको समाचार तर्फको ध्यान देख्दा लाग्छ कि उ अहिले नै वर्तमान अवस्था चित्रण गर्न मलाई समाएर आफ्नो जादुमय शब्दमा नचाउने छ । आफ्नो वौद्धिक ज्ञान र क्षमताको अथाहा समुद्रमा मलाई फेरि पौडिन दिनेछ । तर, अहं ऊ त थाकिसकेको जस्तो भएको छ । ऊ निरिह र लाचार बनेको छ । मैले आशा मारिसकेकी छु ।

धेरै दिनको प्रतिक्षापछि आज उसले मलाई यथा स्थानबाट उठाएको छ । मेरो पेन कभर निकालेर पुछारमा अडाएको छ । मेरो धैर्यता समाप्त भएको छ र म खुसीले झुम्मिएकी छु । थ्याच्च कुर्सीमा बसी टेबलमा सेतो कापी माथि उसले मलाई एकछिन लडाएको छ । म खुलेर धेरैपछि यसरी लड्न पाउँदा तंग्रीन नसकेको मेरो शरीर चुस्त भएको आभाष पाएकी छु ।

उसले मलाई च्याप्प समाइ हातमा लिएर चोर र बीच औंलाको कापामा पारी फनफनी घुमाइरहेको छ । म भने आनन्द मान्दै फनफनी घुमिरहेकी छु । यो बीचमा उसले चस्मा लगाउन थालेको रहेछ । ऊ अलिक पाको देखिन्छ । कपाल निकै लामा बनाएर आफुलाई जिङ्गीङ्ग पारेको रहेछ । उसले मलाई आफ्नो ओठमा पुऱ्याएर एकछिन माया गर्छ । उसको मस्तिष्कमा के छ खेल्न थाले । उसले मेरो कम्मरमा हल्का समाएर फेरि नचाउन शुरु गऱ्यो । 'ओलीको कार्यकालमा जनताले हाँस्य शृंखला हेरे बराबर भएको छ । उनी आफ्नै डम्फु बजाउँछन् कसैको आवाज सुन्दैनन् यस्तो लाग्छ कि उनी आफूलाई कमेडियन प्रधानमन्त्री भनि भविष्यमा चिनाउने छन् ।' ऊ थप लेख्छ- 'ओलीको समयमा प्रतिनिधि सभा पटक-पटक विघटन हुनु, भ्रष्टाचारमा नेपाल अगाडि हुनु, पटक-पटक मन्त्रीपरिषद् फेरिनु र कसैको आवाज नसुनि आफ्नो मात्र जे ठिक लाग्छ त्यही मात्र सही भन्ने नियति देखिनु उनको तानशाह छवि हो ।' यति लेखेर उसले मलाई एकछिन लेख्नबाट रोक्छ र टेबलको छेउमा लडाउँछ । म सुति-सुति हेरिरहेकिछु उसले अहिले भर्खरै लेखेको पेपर कापीको पानाबाट च्यातेर गुटमुट्याएर डस्टबिनमा फ्याल्छ ।

ऊ फेरि अर्को पेपरमा लेख्न तयार हुन्छ । मलाई बिस्तारै उठाएर औंलाको कापमा राखेर नचाउन थाल्छ- 'कोरोना त्रास र मृत्युको शृंखला' ऊ मलाई समाएर कतै एकोहोरो भए जस्तो हुन्छ । ऊ एकछिन कतै बिलिन भए सरह हुँदा उसको मलाई तब थाहा हुन्छ जब उसले कागजमा कोर्न थाल्छ अनि बल्ल म तरङ्गित बनि उसको मानसपटलमा खेल्न पुग्दछु । तर, अहिले उसका ओठले मलाई धेरै समयपछि खेलाइरहँदा पनि म तृप्त भए सरह भएकि छु । म प्रफुल्लित बनेकि छु ।

उसले धेरै समय लगाएर सोचेपछि फाइनल्ली कापीको माथि शीर्षक लेख्यो 'कमेडियन हिटलर ओली' । म उसको गहिरो भाव बुझ्न शब्द-शब्दमा आँखाबाट तररर आँशु आउँछ र निराश बन्दै लेख्छ 'कोरोनाका कारण मृत्यु हुनेको संख्या यति.. संक्रमित हुने यति । गरिबी रेखामुनिको असंख्य दैनिक गुजारा गर्नेहरुमा छाक टार्न समस्या । मध्यम वर्गीयको पनि आफ्नै समस्या । आय ठप्प हुँदा जनजीवन प्रवाहित । सरकारको असहयोग र सुस्त सेवा-सुविधाले देश ठूलो संकट तर्फ जादै...'

लेख्दालेख्दै मलाई उसले यसरी हल्लायो कि म चक्कर लागेर लढ्न मात्र बाँकी थियो । समालेर हेरे एकछिन अघि मात्र लेखिएको पानाभरि सबै कोरिएर गुट्मुट्याएर फ्याल्न मात्र बाँकी थियो । अन्तत उसले त्यस पाना पनि फ्याल्यो डस्टबिनमा । त्यसरी नै ऊ अन्य पानाहरुमा धेरै शीर्षक लेख्छ । उसका केही शिर्षकहरु यस्ता छन् ।

'एमालेको एकता असम्भव'
'बजेटले सम्बोधन नगरेको क्षेत्र'
'बजेटको योजना ठूलो तर जनतामा ऋण भार थपिने'
'चुरे दोहन तर्फ'
'सेयर बजार बुल तर्फ'
'राष्ट्रपतिको ओली मोह'
'महिला हिंसा र सुरक्षा'
'न्यायको खोजीमा'
'राजा : एक करोडौ कस्तुरी'
'छद्मभेषि मन्त्री...'

केही शीर्षक लेखेपछि ऊ फेरि त्यही प्रवृत्तिमा आउँछ । ऊ फेरि हरेक पाना गोलो पार्दै गुटमुट्याउँदै डस्टबिनमा फ्याल्छ । मेरो रस सबै मर्छ अब उसले मलाई केही लेख्छ भन्ने आशा पनि म गर्दिन । उसको लेख्ने शक्ति निकै कमजोर भएको आभाष गरेकी छु । म आज निरुत्साहित भएकी छु । उसको रङ्गिन भाव अनि शब्द-शब्दमा खेल्ने अदभूत शक्ति कतै विलिन हुँदै गएको पाएकी छु । यस्तो लाग्छ उसको शब्दको जादुमय संसारमा कालो ग्रहण लागेको छ । ऊ कतै हराए जस्तै भएको छ । मेरो भाव नबुझ्ने उसको बानीले म आजित भएकी छु ।

उसले मलाई कभर लगाउँदै पुनः फ्यात्त टेबलमा फ्याकेर बाहिर निस्कियो । आज आभाष भयो ऊ परिवर्तन भएको छ । सायद वर्तमान व्यवस्था र परिस्थितिमा ऊ आजित भएको छ । म थाकिसकेको छु पर्खिदा-पर्खिदै, तर म उसको फेरि पर्खाईमा छु । म थाकेको छु अब बिश्राम लिए । सबैल उसलाई माया गर्नुहोला उ फेरि पुरानै शब्दको जादुमय संसारमा फर्केको हेर्न चाहन्छु ।

# मुसाको दुलो



**चूडामणि रेग्मी**

*"तँलाई कस्तो लाग्यो ?"*
*"तँ के मन पराउँछस् ?"*
*"चालामाला कस्तो ?"*

ऋतुहरूमा पनि कविहरूको बिभिन्न झुकाउ देखिन्छ । मलाई शरद र हेमन्त ऋतु मन पर्दा रहेछन् । खुला आकास, सयपत्री आदि फूलहरूले वास्नादार भुइँ, पहेंला सुन जस्ता धान, यी असाध्य हृदयमा छाप पार्छन् । खोलाको पानी मिठो, तर्न सकिने जङ्घार, मिठो घाम, मन हर्ने हावा, परपर देखिने पहाडहरूमा देखिने उज्यालो झल्का लाटो मान्छेलाई मख्ख पारिदिन्छन् । भनिरहनु पर्दैन बोलीले, प्रकृतिले आँखाको नानीमा मुखको टुप्पो ओठमा व्यक्त गराउँछ । बेला यस्तो थियो ।

भद्रपुरमा भर्खर आएको थिएँ । जीवनका कतिपय प्राप्तिहरूको चाहामध्ये एक घुमन्ता जीवनको उत्तमता स्वीकार गर्थें । खर्दारज्यूलाई यो कुरा थाहा थियो । उहाँ मलाई घुम्ने चानस मिलाउन खोज्नुहुन्थ्यो, त्यसैले उहाँको एक सरकारी काम परेछ । धुलाबारीसम्म साइकल लिएर बिहानै हिड्यौं । लगभग चार कोसको यो बाटोसम्ममा थियो । ठाउँ-ठाउँमा केही बस्ती थिए । एक/दुई धानका मिल पनि भएकाले ढर्रा पार्ने ठाउँको अनुभव भइरहेको थियो । महाकवि देवकोटाले यसैले होला- यस्ता ठाउँमा औपचारिकता नपाएको ।

धुलाबारी बलौटे बजार, बीचबीचमा पैनी भएको । केही उदासपन लिएको लाग्यो । केही मिल थिए- जसले भविष्यको केही चिनो देखाइरहेका थिए- वास्तवमा धुलाबारीले पनि कता बढ्नु छ !

बनारसमा पानपसलमा हमेसा एकजना मोटा राम्रा ठिटा पान चबाएर बस्थे । देखेको थियो । चिनाजान थियो । उनैकामा भोजन भयो । पैसा जोगाउन मासु खान छाडेको चार वर्ष भएको थियो- घिऊ र भातमा परें ।

साथीले खर्दारज्यूलाई र मलाई एक-एक वटा घोडाको बन्दबस्त गरिदिए । मेरो मनमा तरहतरहका भाव फुरिरहेका थिए । कति माथि-माथिको तहबाट हामी घुमिरहेका छौं । भद्रपुरबाट हुरहुर्रिएर साइकलमा आयौं । यहाँ एक भद्रजनको घरमा मेजमान बजायौं र अब 'मामाकी घोडी मेरी हि हि ...' गरिरहेछौं । यसैले हाम्रा निर्माण माथि-माथि हुन्छन् । यसैले हाम्रा साहित्य यस्तै गोरेटामा डोरिएका हुन्छन् । यिनै कुरा दुःख-सुखका हुन्छन् । यी बीच बाटाका गाडीवाल र किसानहरूका वस्तीहरूमा हामी घुस्यौंन- किनभने त्यहाँ, हाम्रो प्राप्ति थिएन !

एउटा वनको गाउँमा एकजना मान्छे रुखबाट लडेर मरेछ । भर्खरै बिहा भएको थियो रे ! लास जाँच रहेछ ! कुरो ढिलो बुझ्ने लाटो मान्छे म ! भर्खर-भर्खर स्पष्ट बुझिरहेको थिएँ । अरु दुई जना पुलिसका जवानहरू हामीसित भए । एकजना सिपाहीको घोडा वडा उदेकलाग्दो थियो वछडा ! खच्चड जस्तो । गदाहा जस्तो । कतै कुद्नुपऱ्यो भने कसैले सायद नभेट्लान् जस्तो- नहिँड्नु हो भने- अल्छे बहर । धुलाबारीबाट सिधा उत्तर जाँदै वनमा हाम्रा घोडाले धुलो उडाए । खर्दारज्यू र पुलिसमा लास सम्बन्धी कुराकानी चल्दै थिए । म सोचिरहेको थिएँ- उपन्यासहरूमा वर्णित घोडचढी पात्रहरू । हामी त्यस्तै छौं । खर्दारज्यूको बेग्लै इतिहास छ । मेरो बेग्लै र पुलिसहरूको बेग्लै । हामी जङ्गलभित्र बढिरहेछौं । एक लिखमा हिँड्ने बेग्लाबेग्लै डिब्बा ।

टिमाई खोलो आयो ! एउटा लामो बगर ! कुरा चले पोहोर साल यसको बाढीमा धेरै धन-जनको क्षति भयो र खेत बगे । महँगीको बेला यसले उल्टो सगायो । लास जाँच्न पानीघट्टा गाउँतिर हाम्रा घोडाका मुख फर्किए ।

गाउँ छरिएको थियो । जङ्गलभित्रको टाहारमा फिलुङ्गे र तोरीको पहेंलोपन व्याप्त थियो । केराका पात फर्फराएका थिए । शून्यपनको अनुभव ममा झन् बढेको थियो- किनभने कसैको समाजमा र दिलमा कसैको मृत्युले तीव्र व्यथा र वेदनाले घेरा हालेको कुरा छर्लङ्ग थियो । यद्यपि कालगतिले मरेको कुरा स्पष्ट थियो, तैपनि गाउँमा भएका मान्छे हामी आएको त्रस्त अनुहारले हेर्न थालेका थिए ।

धेरै मान्छे घाँसमा, जङ्गलमा, खेतमा गएका रहेछन् । जम्मा हुन निकैबेर लाग्ने भयो । खर्दारज्यूले शान्तिनगर जाने कुरा गर्नुभयो- खास उद्देश्य मेरो त्यहीं जाने थियो- साथी लोकराजको जहाँ घर थियो ।

हामी फेरि ओर्लियौं र एउटा खोलो तरेर अलिकति उकालो लाग्यौं र खोलाको किनारैकिनार अलिअलि अलिअलि अलिअलि गर्दै अगाडि बढ्यौं । यो क्रम लगभग एक कोसको जस्तो लाग्यो । तल खोलो बगिरहेछ- हेर्दा कहाली लाग्छ । पारिपट्टि जङ्गल छ । खेतहरू लट्ठ पहेंला छन् । मंसीरको बेला छ । पारिपट्टिको बाटोबाट इलाम जाने मोटरको बाटो खनिएको थियो ।



हामी भित्रिरहेछौं- बिस्तारो । मधेसे धर्ती फैलिरहेछ- एक अनन्त विश्वको आफूमा मुटु गाँसेर । हो त, मधेस सुनैसुनको रहेछ- सम्म जग्गा । जहाँ कतिका मिल छन् । कतिका मुन्डामहल छन् । ठुला बेपार हुन्छन् । सुनौलो गर्मी मधेस गज्जब देखिन्छ ।

मलाई लाग्यो- द्रौपदीको चीरहरण जस्तो छ यो बाटो । अनौठो बाटो थियो । यस्तो बाटोको चिनारी ठुटे वरमा पुग्नुभन्दा पहिले एकजना सज्जनले गरे - हजुर यो इरुँटार (शान्तिनगरको फेदको गाउँ) त मुसाको दुलो पो त !

मलाई गज्जपले हाँस उठ्यो । खुप चित्त बुझ्यो - कस्तो झर्रो चिनारी !

त्यहाँदेखि मैले शान्तिनगरलाई मुसाको दुलो भन्ने गरेको छु । ठुटे वरमा मेला लगाएको रहेछ । झापा जिल्ला जस्तो पछि परेको ठाउँमा शिक्षामा जागृति आएको खुसी लाग्यो, तर वाचस्पतिज्यूसित भेट भएपछि कुराकानीबाट थाहा पाएँ- यहाँ लोकराज, रामबाबु, वाचस्पति, इन्द्र प्रसाईं, लप्टन गञ्जबहादुर कार्की जस्ता धेरै नाउँ चलेका मान्छेहरू बसेका छन्, जो सम्पन्न र शिक्षित छन् । हाई स्कूलको अनुहार हेर्दा मलाई मेरो गाउँको स्कुलको सम्झना आयो (यद्यपि त्यो मिडिल स्कुल हो । यो हाइस्कूल) खेल्ने मैदान र पढ्ने कोठासम्मको कठिनाइ निकै बिझ्यो ।

माथि डाँडाबाट उता भारतको सिलिगुडी, बागडुगरा छर्लङ्ङ जस्तो देखिने । यहाँसम्म मोटर गाडी आउन सक्थे तापनि उतापटिको बिजुलीको उज्यालो र अरु कुराहरूको चकचकीले यहाँका बासिन्दालाई हैरान बनाउने स्पष्ट थियो । एकजना महोदयले दार्जिलिङ, घुम, खर्साङहरूतिर देखाउन बल गर्दै भने- के गर्नु ! ऊ हेर्नोस्- त्यो हाँसपोखरी हो- बनाए यहीं झकीझकाउ देखिने छ । शान्तिनगर नामकरण गरिएको उद्देश्य पनि हाम्रो यही हो- मधेसका मान्छे यहाँ सितल खान आऊन् !

लोकराजज्यूको मेजमानी । गाउँका मान्छेसितको भलाकुसारी । जुनेली रात । भित्तामा तह पर्दै ओरालिएको मुसाको दुलाका टाउको शान्तिनगरको वास आनन्दको थियो । मेरो नराम्रो बानी भनौं- राति बेसी खट्पटी भयो- मेजमानीको यात्रा.... ।

भोलिपल्ट फर्किंदा कुलामा पानी खान घोडा निहुरियो, म खँधारिएँ- मैले सम्झें- मेरो प्रायश्चित ! ... खर्दारज्यूले अलिक तल आएपछि भन्नुभयो- परार साल पारिपटि वनमा म पनि हात्तीबाट खँधारिएको थिएँ । विस्तारी मुसाको दुलैदुलो निस्कियौं ।

# मेचीनगरको बजेट १ अर्ब ५३ करोड

□ लक्ष्मी उप्रेती

**मेचीनगर, असार ११।** मेचीनगर नगरपालिकाले आगामी आर्थिक बर्ष २०७८/०७९ का लागि एक अर्बभन्दा बढीको बजेट सार्वजनिक गरेको छ ।

विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरस को पहिलो र दोस्रो भेरियन्टको रोकथाम तथा नियन्त्रण गर्न र सो को कारण शिथिल बनेको नगरको अर्थतन्त्रलाई चलायमान गराउनुपर्ने वर्तमा चुनौतीहरुकाबीच नगरपालिकाको आठौं नगरसभाका अवसरमा नगर उपप्रमुख मीना पोखरेल उप्रेतीले एक अर्ब ५३ करोड ६३ लाख २९ हजार तीन सय ५४ रुपैयाँको वार्षिक बजेट प्रस्तुत गरेकी हुन् ।




मेचीनगर नगरपालिका प्रमुख विमल आचार्यले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर उपप्रमुख उप्रेतीले बजेट सार्वजनिक गरेकी हुन् । उपप्रमुख उप्रेतीले प्रस्तुत गरेको बजेट बक्तक्तमा आन्तरिक स्रोततर्फ २७ करोड २७ लाख ७२ हजार ६४ रुपैयाँ, संघीय सरकार वित्तीय समानीकरण अनुदानतर्फ २६ करोड ५८ लाख, संघीय सरकार राजश्व बाँडफाँडतर्फ १४ करोड ५८ लाख ६० हजार, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानतर्फ एक करोड ६० लाख ३७ हजार, प्रदेश सरकार राजश्व बाँडफाँडतर्फ एक करोड ६४ लाख १० हजार दुई सय ९० रुपैयाँ गरी कुल ७० करोड २३ लाख सात हजार दुई सय ९० रुपैयाँ आय प्रस्ताव पेश गरिएको छ ।

संघीय सरकार सःशर्त अनुदान चालूतर्फ ३७ करोड ५१ लाख, संघीय सरकार सःशर्त अनुदान पूँजीगततर्फ आठ करोड ६९ लाख, संघीय सरकार विशेष पूँजीगत अनुदानतर्फ एक करोड ६६ लाख, संघीय सरकार समपुरक अनुदानतर्फ दुई करोड आठ लाख गरी कुल ४९ करोड ९४ लाख समेत कुल एक अर्ब २० करोड १७ लाख सात हजार दुई सय ९० को आय उपप्रमुख उप्रेतीले नगर सभामा प्रस्तुत गरेकी हुन् ।

यसैगरी, प्रदेश नम्बर १ सरकार समपुरक अनुदानतर्फ एक करोड, प्रदेश सःशर्त अनुदानतर्फ एक करोड ५० हजार समेत आयमा समावेश गरिएको छ । नगरपालिकाले चालू आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन गरेका बहुवर्षीय योजना भौतिक पूर्वाधारतर्फका योजनामा विनियोजित रकम खर्च हुन नसकी आगामी आर्थिक वर्ष ०७८/०७९ को मौज्दात रकमको रुपमा रहने गरी ३० करोड रुपैयाँ बजेटमा समावेश गरी मेचीनगर नगरपालिकाको आर्थिक वर्ष ०७८/०७९ का लागि कुल आय-व्यय एक अर्ब ५३ करोड ६३ लाख २९ हजार तीन सय ५४ रुपैयाँको वार्षिक बजेट उपप्रमुख उप्रेतीले प्रस्ताव गरेकी हुन् ।

चालू आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमाका लागि छैठौं नगरसभाबाट एक अर्ब ३५ करोड ५८ लाख आयसहितको नीति तथा कार्यक्रम स्वीकृत भएकोमा नेपाल सरकार र प्रदेश नम्बर १ सरकारबाट चालू आर्थिक वर्ष ०७७/०७८ को विभिन्न समयमा विनियोजन भई आएको समपूरक तथा विशेष अनुदान वापतको कार्यक्रम अनुसारको शर्त अनुदानको रकम संघीय संसदका सदस्य मार्फत स्थानीय पूर्वाधार विकास कार्यक्रमका लागि प्राप्त रकम प्रदेश सभा सदस्य मार्फतको निर्वाचन क्षेत्र विकास कार्यक्रम वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त भएको रकम बजेटमा समावेश गर्नुपर्ने निर्देशन अनुसार साविक बजेट तथा कार्यक्रम सातौं नगरसभाबाट सार्वजनिक भएको कार्यक्रममा उपप्रमुख उप्रेतीले जानकारी गराइन् ।

चालू आर्थिक वर्ष ०७७/०७८ मा कुल बजेटको मेचीनगर नगरपालिकातर्फ प्रशासनिक खर्च शीर्षकमा रकम १७ करोड ४७ लाख विनियोजन भएकोमा जेठ मसान्तसम्म ११ करोड ४२ लाख ९१ हजार ९७ रुपैयाँ खर्च भएर ६५ प्रतिशत र पूँजीतर्फ ६४ करोड ७२ लाख १० हजार विनियोजन भएकोमा जेठ मसान्तसम्ममा २० करोड ९५ लाख चार सय ४० रुपैयाँ खर्च भएर ३२ दशमलव ३७ प्रतिशत वित्तिय प्रगति हासिल भएको उनले पेश गरेको बजेट वक्तव्यमा उल्लेख छ ।

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणका कारण आर्थिक वर्ष ०७७/०७८ मा संघीय सरकारबाट राजस्व बाँडफाँडतर्फ १४ करोड ४८ लाख ४० हजार आय अनुमान गरिएकोमा हालसम्म १० करोड ६० लाख ६० हजार प्राप्त भएको छ । तथा असार मसान्तसम्ममा थप एक करोड ३९ लाख ३४ हजार प्राप्त हुँदा दुई करोड ४८ लाख ३७ हजार सात सय २० न्यून हुने बजेटमा देखिन्छ । प्रदेश नम्बर १ सरकारबाट राजस्व बाँडफाँडवापत एक करोड ७५ लाख ९६ हजार आय अनुमान गरिएकोमा हालसम्म सबै रकम प्राप्त भएको बताइएको छ । त्यस्तै आन्तरिक आयतर्फ १६ करोड ७९ लाख ७८ हजार रुपैयाँ अनुमान गरिएकोमा हालसम्म ११ करोड ४० लाख २८ हजार र असार मसान्तसम्म थप एक करोड पाँच लाख प्राप्त भएर कुल १२ करोड ९० लाख २८ हजार रुपैयाँ हुन गई तीन करोड ८९ लाख ५० हजार रुपैयाँ बजेट न्यून हुने र दहत्तर बहत्तरको ४० प्रतिशत रकम एक करोड ४८ लाख ११ हजार प्रदेश सरकारलाई राजस्व बाँडफाँड दिँदा सात करोड ३२ लाख २० हजार रुपैयाँ न्यून हुन गई सोही रकम बराबरका योजनाहरु प्रभावित हुने अवस्था उपप्रमुख उप्रेतीले नगरसभामा जानकारी गराइन् ।

नगर प्रमुख विमल आचार्यले नगरका विभिन्न चुनौतीहरुलाई सामना गर्दै नगरको विकास सुशासन र समृद्धिको कार्यलाई मुल ध्येयका साथ अघि बढाउने गरी आगामी आर्थिक वर्ष ०७८/०७९ को बजेटको स्रोत र सीमा निर्धारण गरी सो को कार्यान्वयनका लागि तयार गरिएको सुशासन तथा क्षमता विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, आर्थिक विकास, विधेयक सम्बन्धी ८२ बुदाँको नीति तथा कार्यक्रम नगरसभामा प्रस्तुत गरे ।

नगर सभाको उद्घाटन प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य तथा पूर्व सूचना तथा सञ्चारमन्त्री सुरेन्द्रकुमार काकी प्रदेश नम्बर १ का प्रदेश सभा सदस्यहरु गोपालचन्द्र बुढाथोकी, श्रीप्रसाद मैनाली, संविधान सभा सदस्य तथा मेचीनगर नगरपालिकाका संस्थापक नगर प्रमुख रवीन कोइराला, संविधान सभा सदस्य उषा गुरुङ नेकपा एमाले मेचीनगर अध्यक्ष खेमराज पोखरेल, नेपाली कांग्रेसका १ नम्बर क्षेत्रीय सभापति मणिकुमार उप्रेती, नेकपा माओवादी केन्द्रका मेचीनगर अध्यक्ष पुष्प गुरागाँई, जनता समाजवादी पार्टीका पवन मेचे, राष्ट्रिय प्रजातन्त्र पार्टीका झापा जिल्ला सदस्य सुशील आचार्य लगायतले नीति तथा कार्यक्रम र बजेटलाई कार्यान्वयन गर्न आग्रह गरेका थिए । नगर उपप्रमुख उप्रेतीले स्वागत गरेको नगर सभा उद्घाटन कार्यक्रमको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाले गरेका थिए ।

# शिवसताक्षीको नगर सभा १७ गते




□ विनोद सापकोटा

**झिलझिले, असार ११।** आर्थिक बर्ष २०७८/०७९ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत नगरी झापाको शिवसताक्षी नगरपालिकाले आठौं नगरसभा स्थगित गरेको छ ।

आगामी असार १७ गते पुनः बस्ने गरी नगरसभा स्थगित गरिएको नगर प्रमुख चन्द्रकुमार शेर्माले बताए । तालिका अनुसार शिवसताक्षी नगरपालिकाको आठौं नगरसभा उद्घाटन भएर स्थगित गरिएको उनले जानकारी दिए ।

सभामा नगरप्रमुख चन्द्रकुमार सेर्मा, उपप्रमुख भोज कुमारी नेपाल, ११ वटै वडाका वडाध्यक्ष र नगरसभा सदस्यले आफ्नो वडाको विकास निर्माण लगायत यस अघिका चार वर्षे कार्यप्रगति समीक्षा गरेका थिए । उनीहरुले चार वर्षसम्म आफूले गरेका कामको विवेचना गरेका थिए ।

**अरुलाई 'नो इन्ट्री'**

नगरसभा कक्षमा सदस्य बाहेक अरु कसैलाई पनि प्रवेश दिइएन । एकाध कर्मचारी काम विशेषले सभाकक्ष भित्र-बाहिर गरिरहेका थिए । उद्घाटन सत्रमा गरिने औपचारिक कार्यक्रम यो पटक भएन । सभामा सहभागी एक वडाध्यक्षका अनुसार मेयर सभाध्यक्षसँगै सभाको सहजीकरण पनि गरिरहेका थिए ।

यसअघि राजनीतिक दल स्थानीय प्रतिनिधिलाई पनि सभामा बोलाउने गरिएको थियो । प्रदेश र संघका संसद पनि सभामा सहभागी हुन्थे । तर, यो पटकको सभा मेयर एकापट्टी अन्य सदस्य अर्कापट्टि थिए । नगर प्रमुख शेर्मा ड्यासमा एक्लै थिए भने अन्य सदस्य यसको विपरीत भाग मा बसेका थिए । मेयर शर्माका अनुसार यो सभा विधिसम्मत सञ्चालन भएको छ ।

**किन भयो स्थगित**

बजेट प्रस्तुत नै नगरी नगरसभा निरन्तरताका लागि अर्को मिति तोकिएको विषयमा प्रवक्ता नवीन इजमले बजेटको खाकामा केही नगर सदस्यलाई चित्त नबुझेपछि स्थगित गरिएको बताए । नगरसभाको अर्को कुनै कारण होइन । मेयर साहेबले तयार पारेको बजेटमा केही विमति भएकाले नगरसभा स्थगित गरिएको उनले बताए ।

नगरबाट पहिलो वर्ष ४० लाख बजेट पाएका वडाले त्यसपछिका दुई वर्ष ५०/ ५० लाख र गत वर्ष ६० लाख बजेट पाएका थिए । यो वर्ष बजेट ४० लाख हुने भएपछि वडाध्यक्षहरु असन्तुष्ट बनेकाका कारण सभा स्थगित भएको वडा नम्बर ६ अध्यक्ष मनोज खुलाल कार्कीले बताए । तर, नगर प्रमुख शेर्माले वडा सिलिङ बजेटको यसअघि प्रतिफल सन्तोषजनक नरहेकाले सिलिङ बजेटको अङ्कलाई घटाइएको बताए ।

# कमलको बजेट ७१ करोड ५९ लाख




□ उमानाथ भण्डारी

**कमल, असार ११।** कमल गाउँपालिकाको आगामी आर्थिक वष २०७८/०७९ मा सञ्चालन गरिने नीति कार्यक्रमसहित कुल ७१ करोड ५९ लाख ९३ हजार रुपैयाँको बजेट पारित भएको छ ।

गाउँपालिकाका उपाध्यक्ष बेनु शिकाकोटीले नवौं गाउँसभामा प्रस्तुत गरेको बजेट अन्तर्गत चालू तथा प्रशासनिकतर्फ ३६ करोड ५३ लाख ९५ हजार रुपैयाँ र पुँजीगततर्फ ३५ करोड पाँच लाख ९८ हजार रुपैयाँको बजेट गाउँसभाले पारित गरेको हो ।

पारित गरिएको बजेट अन्तर्गत विकास तर्फ सात करोड ८९ लाख दश हजार, सामाजिक विकासतर्फ ३२ करोड २० लाख १५ हजार पूर्वाधार विकासतर्फ २१ करोड ४७ लाख १८ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ९१ लाख ५० हजार संस्थागत, सुशासन तथा अन्तर सम्बन्धित नौ करोड १२ लाख रुपैयाँ गरी जम्मा ७१ करोड ५९ लाख ९३ हजार रुपैयाँ बजेटका साथै गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले प्रस्तुत गरेको नीति तथा कार्यक्रम नवौं गाउँसभाबाट पारित भएको प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले जानकारी दिए ।

# पूर्व सांसद तथा क्षेत्रीय प्रशासक चक्रवर्तीको निधन



**भद्रपुर, असार ११।** पूर्व सांसद तथा क्षेत्रीय प्रशासक रवीन्द्र चक्रवर्तीको निधन भएको छ ।

भद्रपुर नगरपालिका-६ निवासी चक्रवर्तीको ७४ वर्षको उमेरमा घरमै निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उनी लामो समयदेखि अस्वस्थ थिए ।

पूर्व राजा ज्ञानेन्द्र शाहले उनलाई २०६१ चैत २९ गते मध्याञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासकमा नियुक्त गरेका थिए । त्यसबेला उनी छोटो समय क्षेत्रीय प्रशासकको भूमिका निर्वाह गरे । त्यसभन्दा अघि तत्कालीन राजा वीरेन्द्र शाहले पनि उनलाई राज्यसभा सदस्य मनोनित समेत गरेका थिए । राप्रपाका पूर्व केन्द्रीय सदस्य समेत रहेका उनी साहित्यकार पनि हुन् । राजतन्त्र सकिएर गणतन्त्र आएपछि उनी घरमै बसेर जीवन कटाइरहेका थिए ।

घर बस्दा उनले विभिन्न पत्रपत्रिकामा आफ्ना लेख तथा रचनाहरू समेत प्रकाशन गर्दै आइरहेका थिए । यता सच्चा देशभक्त र राजभक्त गुमाएको प्रति दुःख व्यक्त गर्दै राप्रपाका नेता राजेन्द्र लिङ्देनले घरमै पुगेर उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलि अर्पण गरेका थिए । उनको देउनियाँ नदीमा हिन्दू धार्मिक संस्कार अनुसार दाहसंस्कार गरिएको छ । उनका श्रीमती, एक छोरा र एक छोरी रहेका छन् ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६– ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलबध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५ ९८०६०१०४१० ९८४२६३४६२७ ०२३–५४६००५




दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५ ९८४२७६०२६५ ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**



बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५0 वर्षसम्म उमेर भएका पुरुष र २0 वर्षदेखि ३0 वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट् फोन झट् सेवा'



सम्पर्कः ०२३–५५०६२० ९८४२६५५७००, ९८०४९३८१००



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । इर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौति चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ। आकस्मिक खर्च बढ्नेछ, सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।